# निर्वाचन प्रहरी भर्ना छनोट तथा नियुक्ति समिति
## गोरखा जिल्ला
## निर्वाचन प्रहरी भर्ना सम्बन्धी सूचना!!!

उपरोक्त सम्बन्धमा प्रतिनिधी सभा सदस्य निर्वाचन २०८२ को लागि निर्वाचन प्रहरी भर्ना गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरुबाट स्वंय उपस्थित भई दरखास्त आव्हान गरिन्छ ।

१. पद : निर्वाचन प्रहरी

२. जम्मा माग पद संख्या : **नेपाल प्रहरी:**-२२०४ (दुई हजार दुई सय चार), **सशस्त्र प्रहरी:**- ७९ ( उनान्असी) जना ।

३. दरखास्त दिने मिति र समय :- २०८२।०९।२५ गते १०:०० बजे देखि २०८२।१०।०१ गते ०५:०० बजे सम्म (सार्वजनिक विदाको दिन समेत ) ।

४. दरखास्त फारम पाईने स्थान : जिल्ला प्रहरी कार्यालय गोरखा / सशस्त्र प्रहरी बल, नेपाल नं २९ गुल्म हे.क्वा. गोरखा ।

५. आवश्यक न्यूनतम योग्यता र प्राथमिकता :

| उमेर हद म्याद | आवश्यक न्यूनतम योग्यता | निर्वाचन प्रहरी छनोट प्राथमिकताका आधार |
|---|---|---|
| दरखास्त फारम दर्ता गर्ने अन्तिम मिति सम्म १८ बर्ष पुरा भई ५४ बर्ष ननाघेको । (जन्म मिति २०२८।१०।०१ गते देखी २०६२।१०।०१ गते सम्म) | १. नेपाली नागरिक हुनुपर्ने,<br>२. साधारण लेखपढ गर्न जान्ने,<br>३. नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको,<br>४. भर्ना हुने समयमा कुनै राजनैतिक दलको सदस्य नरहेको,<br>५. शारिरीक तथा मानसिक रुपले स्वस्थ रहेको,<br>६. आतङ्ककारी एवम् विध्वंसात्मक संगठनको सदस्य नरेको,<br>७. **पुरुषको** हकमा घटीमा उचाई ५ फिट, छाती ३१-३३ ईन्च, तौल ५० के.जी. र **महिलाको** हकमा घटीमा उचाई ४ फिट १० ईन्च, तौल ४२ के.जी. भएको,<br>८. महिलाको हकमा गर्भवती नभएको/नरहेको । | १. नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालको सेवाबाट निवृतभरण वा उपदान प्राप्त पूर्व सुरक्षाकर्मी वा पूर्व वन रक्षक भएको ।<br>२. नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपालमा बि.स. २०८१ माघ १ गते देखी २०८२ पौष मसान्तसम्म विभिन्न पदमा भर्नाको लागी आवेदन दिई शारीरिक तन्दुरुस्ती र स्वास्थ्य परीक्षामा उत्तीर्ण भएकाको हकमा प्रवेश पत्र पेश गर्ने व्यक्ति ।<br>३. यस अघि सम्पन्न भएका प्रतिनिधी सभा, प्रदेश सभा र स्थानीय तहका निर्वाचनमा म्यादी प्रहरीको रुपमा भर्ना भई सन्तोषजनक काम गरेको व्यक्ति ।<br>४. विदेशी मित्र राष्ट्रका सुरक्षा निकायमा काम गरी सेवानिवृत भएको नेपाली नागरिक । |

**६. सम्पर्क मिति तथा स्थान:**

- मिति:२०८२।१०।०४ गते ।
- स्थान: जिल्ला प्रहरी कार्यालय गोरखा / सशस्त्र प्रहरी बल नेपाल, नं २९ गुल्म हे.क्वा. गोरखा ।
- समय:बिहान ११:०० बजे ।

**७. छनोट सम्बन्धी :**

- छनोट प्रारम्भ हुने मिति:२०८२।१०।०५ गते देखी २०८२।१०।०९ गते सम्म ।
- अन्तिम नतिजा प्रकाशन मिति:२०८२।१०।१२ गते ।
- प्रशिक्षण (तालिम) सुरु हुने मिति:२०८२।१०।१५ गते देखी २०८२।१०।२४ गते सम्म (सार्वजनिक विदाको दिन समेत) ।

**८. निर्वाचन प्रहरीको कार्य अवधी:**

क) नियुक्ती पाएको मितिले जम्मा चालीस(४०) दिन वा नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

ख) नेपाल सरकारले निर्वाचन अवधीको आधारमा निर्वाचन प्रहरीको कार्य अवधी हेरफेर गरेमा सोही बमोजिम हुनेछ ।

९. **निर्वाचन प्रहरीका सेवा सुविधाका शर्त :**

(क) निर्वाचन प्रहरीको लागी नेपाल प्रहरी जवानको सुरु तलब स्केल सरह प्रतिदिन प्रति निर्वाचन प्रहरीले रु.८६९.४० (आठ सय उन्सत्तरी रुपैया चालीस पैसा) को दरले चालिस दिनसम्मको लागि रु. ३४,७७६।- (चौतीस हजार सात सय छयाहत्तर) रकम उपलब्ध गराइनेछ ।

(ख) निर्वाचन प्रहरीलाई जिल्ला प्रहरी कार्यालय गोरखा तथा मातहत कार्यरत नेपाल प्रहरीले पाए सरहको दररेट अनुसार प्रति निर्वाचन प्रहरी चालीस दिनको लागि खाद्यान्न बापतको रकम निजको व्यक्तिगत बैंक खातामा उपलब्ध गराइनेछ ।

(ग) निर्वाचनको क्रममा खटिने निर्वाचन प्रहरीलाई खटिएको ठाउँमा आउने र जाने तयारी स्वरुप प्रति निर्वाचन प्रहरी एक पटकको लागि एकमुष्ट रु ८४६।- (आठसय छयालीस मात्र) का दरले तयारी खर्च उपलब्ध गराईनेछ ।

(घ) प्रतिदिन प्रति निर्वाचन प्रहरी रु. ३००।- (तीन सय मात्र) को दरले ४ (चार) दिनको लागि एकमुष्ट रु. १२००/- (बाह्र सय) खाजा खर्च उपलब्ध हुनेछ ।

(ङ) नेपाल प्रहरीको प्रधान कार्यालयबाट तोकिए बमोजिमको दर रेटको आधारमा पोशाक बापतको रकम उपलब्ध गराईने छ ।

(च) निर्वाचन प्रहरीलाई उपलब्ध गराईने सम्पूर्ण सेवा सुविधा वापतको रकम निजको व्यक्तिगत बैंक खातामा उपलब्ध गराईनेछ।

(छ) कर्तव्य पालनको सिलसिलामा निर्वाचन प्रहरी घाईते भएमा निज स्वयम्ले र मृत्यु भएको खण्डमा निजको नजिकको हकदारले नेपाल सरकारबाट तोकिए बमोजिमको क्षतिपूर्ति प्राप्त गर्नेछन् ।

(ज) निर्धारित अवधिभन्दा अगावै गैर हाजिर रहेमा वा जिम्मेवारी पुरा नगरी भागेमा त्यस्तो निर्वाचन प्रहरीलाई कुनै सुविधा बापतको रकम उपलब्ध गराईने छैन।

(झ) कुनै मनासिव कारणले निर्वाचन प्रहरीले करार अवधि भन्दा अगाडि छाड्ने परिस्थिति भएमा २० (बीस) दिन वा सो भन्दा बढी दिन काम गरेको रहेछ भने काम गरेको दिन सम्मको सेवा सुबिधा पाउनेछ।

(ञ) नियुक्तिको प्रकृयामा रहेको अवस्थामा वा नियुक्ति भइसकेको भएता पनि निर्वाचन स्थगित वा रद्द भएमा त्यस्तो नियुक्ति स्वतः रद्द हुनेछ ।

(ट) अन्य सुविधाहरू निर्वाचन प्रहरी भर्ना छनौट नियुक्ति तथा परिचालन सम्बन्धी एकीकृत नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल, नेपाल) कार्यविधि-२०८२ मा व्यवस्था भए बमोजिम हुनेछ ।

मिति:-२०८२।०९।२४ गते ।

(नेत्र प्रसाद शर्मा)
सदस्य सचिव
१००, ०६४४२०१९९, ९८५६०९०२५५